# संघीय संसद
## प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन

बैठक संख्या - ६

सूचनापत्र - २

*(संशोधित)*

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ १८ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अञ्जनी श्रेष्ठ
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अम्मर बहादुर रायमाझी
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री अमृता देवी अग्रहरी
८. मा० श्री अर्जुन नरसिंह के.सी.
९. मा० श्री अशोक कुमार चौधी
१०. मा० श्री ईश्वर बहादुर रिजाल
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री ईश्वरी देवी न्यौपाने
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री ऐन बहादुर शाही ठकुरी
१६. मा० श्री कल्पना मियाँ कुसारी
१७. मा० श्री कान्तिका सेजुवाल
१८. मा० श्री किरण कुमार साह
१९. मा० श्री गगन कुमार थापा
२०. मा० श्री गोमा लाभ (सापकोटा)
२१. मा० डा० चन्द्रकान्त भण्डारी
२२. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० श्री जीवन परियार
२५. मा० श्री अनिशा नेपाली
२६. मा० श्री अम्मर बहादुर थापा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिरबहादुर वलायर
२. मा० श्री रघुजी पन्त
३. मा० श्री शक्तिबहादुर बस्नेत
४. मा० श्री मनिष झा
५. मा० श्री धवल शम्मशेर ज.ब.रा.
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री प्रकाश ज्वाला
८. मा० श्री अनिता देवी
९. मा० श्री रञ्जीता श्रेष्ठ
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रभु साह
१२. मा० श्री मोहन बहादुर बस्नेत
१३. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१४. मा० श्री चन्दा कार्की (भण्डारी)
१५. मा० श्री शेरबहादुर कुँवर
१६. मा० श्री बद्री प्रसाद पाण्डे
१७. मा० श्री दयाल बहादुर शाही
१८. मा० श्री तेजुलाल चौधरी

यसैबीच मा० श्री शक्ति बहादुर बस्नेतले बोलीसकेपछि मा० श्री ज्ञान बहादुर शाहीले नियमापत्ति भन्नुहुँदै गणतन्त्र र धर्म निरपेक्षताको सम्बन्धमा संशोधन गर्न नेपालको संविधानको धारा २७४ ले बन्देज नलगाएकोले प्रतिनिधि सभाले उक्त विषयहरुमा समेत संशोधन गर्नसक्छ भन्नुहुँदै त्यस सम्बन्धमा बैठकमा बोलिएका कुराहरु तत्काल फिर्ता हुनुपर्ने भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री श्री रबि लामिछानेले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिशमा गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध छ ।
>
> (यादवप्रसाद कोइराला)
>
> मिति : २०७९/१०/१४ सचिव

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "राष्ट्रिय मानव अधिकार आयोगको २२ औं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९)" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सर्वोच्च अदालतको च.नं. २७४०६ मुद्दा नं. ०७९-WC-००३५ मिति २०७९/१०/१५ गतेको पत्र मार्फत् संसद सदस्यको अयोग्यता सम्बन्धी विषयको युवराज पौडेल निवेदक भई दायर भएको रिट निवेदनमा संवैधानिक इजलासबाट प्रतिनिधि सभा सदस्य रबि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत रुपमा नेपाली नागरिकता पुनः कायम गर्ने प्रक्रिया पुरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने नदेखिएको र निजले चितवन जिल्ला, निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन पाउने अवस्था नरहेकोमा उम्मेदवार भई निर्वाचित समेत भएको देखिंदा निज रबि लामिछानेलाई उम्मेदवार कायम गर्ने, निर्वाचित घोषणा गर्ने, प्रमाणपत्र दिने लगायतका काम कारवाही नेपालको संविधानको धारा १३३ को उपधारा (२), (३) तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ भनी निर्णय गरेकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ख) बमोजिम रबि लामिछानेको प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (१) बमोजिम मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ २२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव